आज मिति २०७७।०४।०१ गते प्रमुख जिल्ला अधिकारी श्री यज्ञराज बोहराको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीको उपस्थितीमा जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति:-

| | | | |
|---|---|---|---|
| प्र.जि.अ. | - श्री यज्ञराज बोहरा | - जिल्ला प्रशासन कार्यालय कैलाली | - अध्यक्ष |
| मे.सु. | - डा. हेमराज पाण्डे | - सेती प्रादेशिक अस्पताल कैलाली | - सदस्य |
| स.प्र.जि.अ. | - श्री हिरालाल चौधरी | - जिल्ला प्रशासन कार्यालय कैलाली | - सदस्य |
| प्र.उ. | - श्री अनुपम समशेर जवरा | - जिल्ला प्रहरी कार्यालय कैलाली | - सदस्य |
| उप-अ.नि. | - श्री विकास पाण्डे | - राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | - सदस्य |
| सेनानी | - श्री डम्वर शाही | - नेपाली सेना भवानी दल गण | - सदस्य |
| स.प्र.ना.उ | - श्री देवराज जोशी | - सशस्त्र प्रहरी बल नं. ३४ गण धनगढी | - सदस्य |
| प्र.अ. | - श्री शिवराज जोशी | - जिल्ला प्रशासन कार्यालय कैलाली | - सदस्य सचिव |

आमन्तित

| | | |
|---|---|---|
| कार्यालय प्रमुख | - श्री लाल वहादुर धामी | - जिल्ला स्वास्थ्य कार्यालय कैलाली |
| प्र.नि. | - श्री सरोज कुमार ठगुराठी | - जिल्ला ट्रफिक कार्यालय कैलाली |
| अध्यक्ष | - श्री पुष्प कुँवर | - कैलाली उद्योग वाणिज्य संघ |
| उपाध्यक्ष ~~महासचिव~~ | - श्री पुष्कर ओझा | - कैलाली उद्योग वाणिज्य संघ |

निर्णय:-

विश्वका धेरै मुलुकहरुमा महामारीको रुपमा विस्तार भैरहेको नोभल कोरोना भाईरस (Coronavirus (COVID-19) को संक्रमणबाट कैलाली जिल्ला पनि उच्च जोखिममा रहेको वर्तमान परिप्रेक्ष्यमा सजगता अपनाउन, संक्रमणको विस्तारलाई रोक्न तथा सचेतनामूलक र प्रवर्द्धनात्मक कार्यहरु गर्न जरुरी छ । महामारीको रुपमा विस्तार भैरहेको COVID-19 को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका सम्वन्धमा गृह मन्त्रालयबाट प्राप्त आदेश, निर्देशनका साथै नेपाल सरकारबाट विभिन्न मितिमा भएका निर्णय, गृह मन्त्रालयबाट प्राप्त आदेश, निर्देशनका साथै CCMC, PCCMC बाट भएका निर्णयहरुको कार्यान्वयनका लागि निम्न वमोजिम गर्ने गराउने ।

१. कोभिड-१९ को संक्रमणको उच्च जोखिमलाई मध्यनजर गरी संक्रमण रोकथाम नियन्त्रण उपचार तथा व्यवस्थापन सम्वन्धमा, नेपाल सरकार, गृह मन्त्रालय, CCMC, PCCMC र DCCMC बाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको स्थलगत अनुगमन गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्न गराउनका साथै DCCMC बाट तोकिएका अन्य जिम्मेवारी पुरा गर्न निम्न वमोजिम जिल्ला स्तरीय संयुक्त अनुगमन टोली गठन गर्ने ।

क) जिल्ला प्रशासन कार्यालय
ख) नेपाली सेना
ग) नेपाल प्रहरी
घ) सशस्त्र प्रहरी

Scanned with CamScanner

ङ) जिल्ला राष्ट्रिय अनुसन्धान कार्यालय
च) जिल्ला जनस्वास्थ्य कार्यालयको प्रतिनिधि
छ) सम्वन्धित स्थानीयतहको प्रतिनिधि
ज) ट्राफिक प्रहरीको प्रतिनिधि
झ) सम्वन्धित उद्योग वाणिज्य संघको प्रतिधिनि

२. सुदूरपश्चिमेलीहरुको मुख्य पर्वका रूपमा रहेको गौरा तथा हिन्दू महिलाको महान पर्व हरितालिका तीज जस्ता पर्वहरु नजिक आइरहेको सन्दर्भमा यस्ता चाँड पर्व मनाउँदा भीडभाड नहुने गरी घरमै वसेर परिवारका सदस्यहरु विच जनस्वास्थ्यका मापदण्डहरु पालना गरी नित्यपूजा र घरायसी पूजाबाहेक सामूहिकरूपमा गौरा, तीजजस्ता पर्व मनाउँदा कोरोनाको जोखिम बढ्ने भएकाले सामूहिकरूपमा चाडपर्व नमनाउन सूचना प्रकाशित गर्ने र सम्वन्धित स्थानीय तहलाई समेत स्थानीय एफ.एम.मा जिंगल वनाई वजाउन अनुरोध गर्ने ।

३. होटल तथा रेष्टुरेण्टबाट तयार गरिएका खाद्य परिकार लैजाने सेवा (टेकअवे) मात्र सञ्चालन गर्न दिने भनी नेपाल सरकार मन्त्रिपरिषद्बाट निणर्य भई कार्यान्वयन आई सकेको अवस्था सो कार्यान्वयन भए नभएको विषयमा कडाइ साथ अनुगमन गर्ने र कार्यान्वय नभएको भेटिएको खण्डमा संक्रमण रोग ऐन, २०२० अनुसार कडा कानूनी कार्वाही गर्ने

४. जिल्ला संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०२।२२ को निर्णयानुसार धनगढी उप.न.पा.-२ को मोहना स्थित श्री नवदुर्गा मा.वि. मा भारतबाट गौरीफन्टा त्रिनगर भएर नेपाल प्रवेश गर्ने नेपालीहरुलाई केही समयको लागी राख्ने प्रयोजनको लागि होल्डीङ सेन्टर तोकी संञ्चालन गर्दै आईरहेकोमा त्यहाँ रहेको होल्डीङ सेन्टर हटाई अनेत्र सार्नको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित उक्त विद्यालयको च.नं. १२० मिति २०७७।०४।१८ गतेको पत्र प्राप्त भएको । साथै वान्दावन्दीको समयमा धनगढी उप-महानगरपालिकाले ५१ वटा विद्यालयहरुमा क्वारेण्टाईन केन्द्रको व्यवस्थापन गरेको र ती क्वारेण्टीनमा वसेका व्यक्तिहरु निश्चित अवधि पश्चात आ-आफ्नो घर गईसकेको विद्यमान अवस्थामा निकट भविष्यमा विद्यालयहरु सञ्चालन हुने भएकोले क्वारेण्टाईन केन्द्र राख्न नसकिने भनी स्थानीय कोभिड-१९ नगर स्तरिय समिति (LCCMC) को निर्णय सहित संलग्न रहेको धनगढी उ.प.न.पा. को च.नं. ८ मिति २०७७।०४।३२ को पत्र समेत प्राप्त भएकोले हाल गौरीफन्टा त्रिनगर प्रवेश विन्दुमा रहेको अर्को स्थानमा होल्डीङ सेन्टर तोकी सञ्चालन गर्न सक्ने कुनै वैकल्पिक स्थान भए सो को छनौट गर्नका साथै गौरीफण्टा-त्रिनगर नाका भएर नेपाल प्रवेश गर्ने व्यक्तिहरुलाई कैलाली जिल्लाको कुनै स्थानमा निश्चित अवधि (कम्तीमा १० दिनको लागि) को लागि क्वारेण्टीनमा राख्न सक्ने कुनै स्थान भए सम्वन्धित पालिकाहरुसँग समन्वय गरी त्यस्तो स्थान समेतको छनौट गरी ५ दिन भित्र पेश गर्न निर्णय नं. १ बाट गठन भएको जिल्ला स्तरिय अनुगमन समितिलाई जिम्मेवारी दिने ।

५. थप उपचारको लागि सरकारी अस्पतालबाट चिकित्सकले सिफारिश गरेका सिकिस्त विरामीको हकमा जिल्लामा एम्वुलेन्स सेवाको सुविधा अपुग भई अन्य सवारी साधन प्रयोग गर्नु पर्ने अवस्था भएमा एम्वुलेन्सको स्वीकृत मापदण्ड वमोजिमको संख्यामा नवढ्ने गरी अन्य सवारी साधन प्रयोग गर्नु पर्ने विषयमा DCCMC को मिति २०७६।१२।२३ गतेको वैठको निर्णय नं. ९ वमोजिम जिल्ला जनस्वास्थ्य प्रमुखको संयोजकत्वमा गठित समितिलाई अन्य सवारी साधन सिफारिश गर्ने जिम्मा दिने ।

६. काठमाण्डौ उपत्यका वाहेक संक्रिय संक्रमित संख्या २०० भन्दा वढी भएका जिल्लाहरुबाट यस जिल्लामा हुने आवतजावतलाई थप व्यवस्थित गर्न सरुवा भई रमाना लिई हाजिर हुन जाने कर्मचारी र निजको परिवारलाई, आफै काजिकिरिया वस्न जाने वा किरिया सकेर घर फर्कने व्यक्ति र निर्णय ५ को प्रकृया पुरा भै आएको अवस्थाका थप उपचारको लागि सरकारी अस्पतालबाट चिकित्सकले सिफारिश गरेका सिकिस्त विरामीहरुलाई नं. १ वमोजिम गठित भएको समितिले निर्णय गरि सिफारिश गरी आवागमनको व्यवस्था मिलाउने ।

७. यस जिल्लामा उपचार हुन नसक्ने सिकिस्त विरामीलाई जिल्ला वाहिर लागि उपचार गर्नु पर्ने अवस्था भएमा सम्वन्धित चिकित्कबाट रिफर गरेको कागजात पेश गर्ने लगाउने । उक्त रिफर गरेको सिफारिश कागजातमा सम्वन्धित चिकित्सकको नाम, NMC नं. सहितको दस्तखत प्रष्ट हुनु पर्ने छ ।

Scanned with CamScanner